# विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने अनलाईन र हार्डकपी फाराम भर्ने भराउनेसम्बन्धी

## सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र तथा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिले विद्यार्थीहरूको आवश्यकता पहिचान गरी विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको हुँदा नेपालभरका सामुदायिक विद्यालयहरूले कक्षा ८, कक्षा १० र कक्षा ११ का विद्यार्थीहरूले फाराम भर्ने तथा भराउने सम्वन्धमा सो सम्वन्धी सूचना तथा नमुना फाराम मिति २०७५/०६/१६ मा र अनलाइन फाराम भर्ने सम्वन्धमा मिति २०७५/०६/१६ गतेको गोरखापत्रमा प्रकाशित भइसकेको छ। उक्त फाराम भर्दा भराउँदा सम्भव भएसम्म सम्वन्धित विद्यार्थी तथा विद्यालयले अनलाईनबाट फाराम भर्ने व्यवस्था गर्नुहुन तथा विद्यालयले छात्रवृत्ति फाराम भराएका विद्यार्थीहरूमध्ये छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको व्यक्तिगत फाइल खडा गरी राख्नुपर्ने भएकोले सो को लागि आवश्यक फाराम सुरक्षित राख्नुहुन र विद्यार्थीहरू स्थानान्तरण भई जाँदा उक्त व्यक्तिगत फाइल सम्वन्धित विद्यालयमा नै सँगै लैजाने व्यवस्था मिलाउनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै हार्डकपी फाराम भर्दा भराउँदा विद्यालयले EMIS भर्दा राखेको विद्यार्थीको Student ID फारामको पहिलो पृष्ठको दायाँपट्टि अनिवार्यरूपमा उल्लेख गर्नुहुन अनुरोध छ।

पुनश्च: तथ्याङ्क फाराम (EMIS) नभरेका विद्यार्थीहरूको फाराम खारेज हुनसक्नेछ।

Scanned by CamScanner